# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक ६ गते २०४१ साल

### श्री ५ को सरकार
### पर्यटन मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले विदेशी टूर अपरेटर तथा चार्टर कम्पनीहरूले नेपालमा ट्राभेल एजेन्सीसँग सम्पर्क राखी चार्टर कमिटीको अनुमति प्राप्त गरी नेपालमा चार्टर उडान क्रमबद्ध तरीकाबाट लागू गर्दै जान देहायबमोजिमको व्यवस्था गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. चार्टर समितिको गठन :

(क) हवाई विभागका महा-निर्देशक – संयोजक

(ख) पर्यटन विभागका महा-निर्देशक – सदस्य

(ग) शाही नेपाल वायुसेवा निगमका महा-प्रबन्धक – सदस्य

(घ) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रबन्धक – सदस्य

कुनै कारणवश तोकिएका अधिकृत अनुपस्थित भएमा एक तहमुनिका सम्बन्धित अधिकृतले बैठकमा प्रतिनिधित्व गर्न सक्नेछ ।

२. चार्टर समितिको काम, कर्तव्य र अधिकार :

(क) चार्टर उडानसम्बन्धी नीतिलाई कार्यान्वयन गर्ने,

(ख) चार्टर उडानको लागि अनुमति दिने सम्बन्धमा हवाई विभागमा सिफारिश गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) चार्टर उडान र त्यसबाट भएको उपलब्धि, स्थानीय विमान सेवालाई पर्ने असरको मूल्याङ्कन तथा प्रविधिहरूको सुधारको सम्बन्धमा एक वर्षमा २ पटक मूल्याङ्कन गराउने र सोको आधारमा भविष्यमा के कति चार्टर उडान कुन स्रोतबाट हुन सक्दछ सो यकीन गराउने ।

३. चार्टरको निवेदन दिने प्रक्रिया : विदेशी टूर अपरेटर तथा चार्टर कम्पनीहरूले नेपालका ट्राभल एजेन्सीहरूसँग सम्पर्क राखी चार्टर उडान गर्न अनुमति प्राप्त गर्न चार्टर समितिमा निवेदन दिनु पर्नेछ ।

४. शर्तहरूको निर्धारण : शाही नेपाल वायुसेवा निगमको पहुँच नभएका ठाउँबाट चार्टर उडान गर्नेलाई प्रमुख आधार मानी राष्ट्रलाई अधिकतम फाइदा हुने गर्नको लागि यस सम्बन्धमा प्रोत्साहन नियन्त्रण र व्यवस्थापन गरी सर्वसाधारणको सुविधा कायम राख्ने उद्देश्यले चार्टर उडानको लागि आवश्यक शर्त सुविधा र व्यवस्थाहरू निर्धारण हुनु पर्नेछ र हाल मुख्य शर्त देहायबमोजिम तोकिएको छ :–

(क) चार्टर उडानबाट आउने पर्यटकहरूको नेपालमा बसाइँ कम्तीमा ७ (सात) रातको हुनु पर्नेछ,

(ख) यात्रुहरूले सोही चार्टरबाट फर्कने टिकट वा नेपालबाट एक अन्यत्र गन्तव्य स्थानको टिकट लिएको हुनु पर्नेछ । विशेष कारण परी अन्य स्थानमा जानु पर्दा प्रथम प्राथमिकता शाही नेपाल वायुसेवा निगमको सेवा भएका स्थानमा सो निगमलाई दिनु पर्नेछ,

(ग) चार्टर उडान अवतरण गर्दा विमानस्थलको चार्टर उडानबाट प्राप्त हुने यात्रुहरूको सूची अनुरूपका यात्रुहरू मात्र सोही चार्टर उडानबाट जान पाउनेछन्,

(घ) चार्टर उडानबाट आउने यात्रुहरू निश्चित समूहमा हुनु पर्नेछ । उक्त समूहले तोकिएको अवधिसम्मको लागि मात्र नेपालमा बसाइँ गर्नु पर्नेछ र तोकिएको समयमा उक्त समूहले नेपाल छाड्नु पर्नेछ । समूहमा आउने यात्रु समूहले कुनै यात्रासम्बन्धी परिवर्तन गर्न चाहेमा हवाई विभागले तोकेको निकायद्वारा स्वीकृति लिनु पर्नेछ,

(ङ) यात्रुहरूको तथा सदस्यहरूको होटल खर्च, खाना खर्च, हवाई जहाज खर्च र अवतरण, पार्किङ्ग, केटरिङ्ग, फ्यूल खर्च आदि सबै परिवर्त्य विदेशी मुद्रामा तिर्नु पर्नेछ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) चार्टर हवाई जहाजले ह्याण्डिलिङ्गको काम शाही नेपाल वायुसेवा निगमबाट गराउनु पर्नेछ,

(छ) चार्टर उडानबाट आएका यात्रुहरू विशेष कारण परी कुनै अन्य ठाउँमा जान चाहेमा शाही नेपाल वायुसेवा निगमको उडानबाट मात्र जान पाउनेछन्,

(ज) अनुमति प्राप्त चार्टर कम्पनीहरूले पर्यटकहरू काठमाडौं ल्याएपछि त्यस्ता यात्रुहरू विशेष कारण परी अन्यत्र जान परेमा शाही नेपाल वायुसेवा निगमको उडानबाट नै पठाउन प्राथमिकता दिई चार्टर कम्पनीले सो बमोजिमको व्यवस्था अनिवार्य रूपमा गर्नु पर्नेछ,

(झ) स्थानीय होटल रिजरभेशन, स्थानीय यातायातको व्यवस्था तथा सोसँग सम्बन्धित स्थानीय सबै व्यवस्था स्थानीय ट्राभेल एजेण्टमार्फत हुनु पर्नेछ । यस्तो प्रकारको सेवासम्बन्धी सबै भुक्तानी स्थानीय ट्राभेल्स एजेन्टमार्फत हुनु पर्नेछ,

(ञ) स्थानीय ट्राभेल एजेन्टहरूले चार्टर मालिक वा अपरेटरले नेपालमा भर्ना गरी अथवा चार्टर उडानसम्बन्धी काममा पठाएको विदेशी नागरिकको नाम, ठेगाना हवाई विभागमा पेश गर्नु पर्नेछ । त्यस्ता व्यक्तिको आउने जाने उडानको पूर्ण विवरण र नेपाल छोडी जाने बारेको सूचना तुरुन्त हवाई विभागमा दिनु पर्नेछ,

(ट) चार्टर कम्पनीले संलग्न ढाँचाको दरखास्त फाराममा विस्तृत विवरण भरी दरखास्त हवाई विभागमा दिनु पर्नेछ,

(ठ) यात्राको व्यवस्थामा यातायात, होटल तथा खाना र स्थानीय भ्रमण कार्यक्रमसमेत समावेश भएको हुनु पर्नेछ,

(ड) एउटा चार्टर हवाई जहाजमा पर्यटकहरूको एकभन्दा बढी ग्रुप भएमा प्रत्येक ग्रुपको कम्तीमा १५ जवानको निम्ति एउटा ग्रुप लिडरको व्यवस्था हुनु पर्नेछ । एउटा चार्टर विमानमा आउने सबै किसिमको ग्रुपको निम्ति एकै प्रकारको यात्रासम्बन्धी व्यवस्था हुनेछ,

(ढ) टूर ग्रुपमा नभएको पेसेन्जरहरू चार्टर उडानमा यात्रा गर्न सक्नेछैनन्,

(ण) करार गर्ने चार्टर कम्पनीले आफ्नो हवाई जहाजमा मात्र पर्यटकहरू ल्याउन सक्नेछन् । आफ्नोबाहेक अन्य हवाई जहाजमा ल्याउन परेमा हवाई विभागको स्वीकृति लिएर मात्र ल्याउनु पर्नेछ,

(त) चार्टर उडान कम्पनीले विमान, त्रिभुवन विमानस्थलमा अवतरण गर्ने बित्तिकै यात्रुहरूको सूचीको १२ प्रति विमानस्थल प्रबन्धकलाई दिनु पर्नेछ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. चार्टर उडानको लागि अपनाइने प्रशासकीय कार्यविधि :

(क) चार्टर अपरेट गर्ने एजेन्सीले हवाई विभागमा निर्धारित ढाँचामा दरखास्त दिनु पर्नेछ । उक्त कम्पनी विदेशस्थित चार्टर कम्पनी वा चार्टर अपरेटर कम्पनी वा फर्मको रूपमा दर्ता भएको हुनु पर्दछ र अन्यत्र चार्टर उडान गरेको अनुभवसमेत भएको हुनुपर्दछ,

(ख) नेपालमा हुने टुर अपरेशन सम्बन्धमा जिम्मेवारी लिने नेपालको ट्राभेल एजेन्सी हुनुपर्दछ । यस्तो ट्राभेल एजेन्सीले चार्टर उडानको सम्बन्धमा नेपालको भ्रमण सम्बन्धमा आफू जिम्मेवारी हुने कुरा दरखास्तसाथै स्वीकृति जनाएको हुनुपर्दछ,

(ग) नेपालको ट्राभेल एजेन्सी रितपूर्वक दर्ता भएको र इजाजत प्राप्त भएको हुनुपर्दछ । पर्यटकहरूबाट खर्च गरिने सम्पूर्ण विदेशी मुद्रा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ । चार्टर उडानबाट नेपालमा खर्च गरिने सम्पूर्ण विदेशी मुद्राको हिसाब स्थानीय ट्राभेल एजेन्सीले हवाई विभागमा बुझाउनु पर्नेछ ।

(घ) चार्टर शुरू गर्नुभन्दा घटीमा साधारणतः २ महीनाअगाडि दरखास्त हवाई विभागमा दिई इजाजत लिनु पर्नेछ,

(ङ) त्रिभुवन विमानस्थलमा राती उडान गर्न पर्ने भएकोले प्राविधिक तथा अन्य सुविधाहरूको विचार तथा बन्दोवस्त गर्न चार्टर उडानलाई टाइम सेडुलिङ्ग गर्ने,

(च) आउन चाहने चार्टर क्यारियरले दरखास्त फारामको साथमा चार्टर क्यारियरको आफ्नो सम्बन्धित सबै कागजातहरू जस्तै एयर अपरेटिङ्ग सर्टिफिकेट, सर्टिफिकेट अफ कम्पिटेंसी, टाइप अफ एयर क्राफ्ट इत्यादि पेश गर्नु पर्नेछ । सोको अध्ययन गरी हवाई विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अपरेट गर्न सक्छ भन्ने ठहराएमा इजाजत दिने,

(छ) दरखास्त प्राप्त भएपछि हवाई विभागले आवश्यक शर्तहरू राखी इजाजत दिनेछ । शर्तहरू समावेश भएको इजाजतपत्र चार्टर कम्पनीले प्राप्त गरेपछि सो इजाजतपत्र लागू भएको मानिनेछ,

(ज) इजाजत दिएपछि सोको सूचना निम्नलिखित कार्यालयहरूमा हवाई विभागले दिनु पर्नेछ :–

१. विमानस्थल प्रबन्धक कार्यालय ।
२. विमानस्थल भन्सार कार्यालय ।
३. विमानस्थल सुरक्षा कार्यालय ।
४. विमानस्थल कार्यालय ।
५. पर्यटन विभाग ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. शाही नेपाल वायुसेवा निगम, मार्केटिङ्ग डाइरेक्टरको कार्यालय ।
७. शाही नेपाल वायु सेवा निगम, चीफ स्टेशन म्यानेजरको कार्यालय ।
८. सम्बन्धित ट्राभेल एजेन्सी ।
९. नेपाल राष्ट्र बैङ्क ।
१०. नेपाल आयल निगम ।
११. हवाई विभाग ।

उपरोक्त सूचनाको आधारमा आवश्यक व्यवस्था सम्बन्धित निकायले चार्टर विमान आउँदा गरी सक्नु पर्नेछ ।

६. यात्रुको सूची चार्टर हवाई मैदानमा उत्रिसकेपछि एयरपोर्ट प्रबन्धकको कार्यालयमा दिइनेछ ।

७. फर्किंदा उक्त कार्यालयले सूची अनुसारको यात्रु भए नभएको हेरी भएमा प्रमाणित गरी उडानलाई इजाजत दिनेछ । तर आएको यात्रुमध्ये कुनै हवाई विभागको इजाजत लिई अन्यत्र गएमा वा बढी अवधि बसेको भएमा त्यसको पत्र सम्बन्धित एजेन्टले जाने बखतमा प्रस्तुत गरेमा विमानस्थल प्रबन्धकले सूचीलाई पास गरी दिनु पर्नेछ ।

८. माथि कुनै कारणवश जान नसक्ने यात्रुहरूको लागि सम्बन्धित ट्राभेल एजेन्सीले विभागबाट स्वीकृति लिई त्यस स्वीकृत चार्टर फर्किने बखतमा सूचीसाथ विमानस्थल प्रबन्धककहाँ प्रस्तुत गर्नु पर्नेछ ।

९. एयरपोर्टमा शाही नेपाल वायुसेवा निगमले के कतिसम्म ह्यान्डलिङ्ग गर्न सक्दछ, र वर्तमान उडान र थप उडानको आधारमा मौजुदा एयरपोर्ट व्यवस्थाले कति उडान र पर्यटक सञ्चालन गर्न सक्दछ आवश्यक उदान र पर्यटक संख्या निर्धारण गरेर मात्र उडान इजाजत दिनु पर्नेछ ।

१०. पर्यटकहरूको आगमन र बसाइँलाई दृष्टिगत गरी पर्यटन व्यवसायमा संलग्न भएका होटल, ट्राभेल एजेन्सी आदिको पूर्ण क्षमतालाई आधार बनाई पर्यटक वृद्धि गर्नु पर्नेछ ।

११. कुनै खास स्थानमा मात्र पर्यटकहरूलाई सीमित नगरी विभिन्न स्थानहरूमा पर्यटकहरू पुगून् भन्ने उद्देश्यले कार्यक्रमहरू निर्धारण गर्ने र यस्ता स्थानहरूमा पर्यटकहरूको वृद्धि गर्ने उद्देश्यले तयार भएका कार्यक्रमहरूलाई बढी ग्राह्यता दिनु पर्नेछ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको सचिव

४५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।